# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखरी), नेपाल, वैशाख १२ गते, २०८० साल (अतिरिक्ताङ्क ०३

## भाग ३

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०१/१२ को बैठकको निर्णयानुसार **"प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७९ को अनुसूची-१ र अनुसूची-२ हेरफेर"** भएकोले सो सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

## प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची हेरफेर

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को नियम ६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले उक्त नियमावलीको अनुसूची-१ र अनुसूची-२ मा देहाय बमोजिम हेरफेर गरेको छ ।

### अनुसूची-१

### (नियम ३ सँग सम्बन्धित )

### प्रदेशमा रहने मन्त्रालयहरु

| क.सं. | मन्त्रालयको नाम |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| ४. | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| ५. | उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय |
| ६. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय |
| ७. | भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय |
| ८. | वन तथा वातावरण मन्त्रालय |
| ९. | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| १०. | सामाजिक विकास मन्त्रालय |
| ११. | स्वास्थ्य मन्त्रालय |
| १२. | महिला, बालबालिका र जेष्ठ नागरिक मन्त्रालय |

## अनुसूची-२

### ( नियम ४ सँग सम्बन्धित )

### प्रदेशमा रहने मन्त्रालयहरुको कार्य जिम्मेवारी

| क.सं. | हेरफेर गरिएको मन्त्रालय तथा कार्य जिम्मेवारीको विवरण | कैफियत |
|---|---|---|
| १ | *सामाजिक विकास मन्त्रालयको कार्य जिम्मेवारीको क्रम संख्या १३ देखि १८ सम्म हटाउने र मन्त्रालयको नाम सामाजिक विकास मन्त्रालय कायम गरी क्रम संख्या को क्रम मिलाउने।* | |
| २ | *साविकको सामाजिक विकास मन्त्रालयको कार्य जिम्मेवारीको क्रम संख्या १३ देखि १८ सम्मका देहायका कार्य जिम्मेवारी सहित महिला, बालबालिका र जेष्ठ नागरिक मन्त्रालय कायम गर्नेः-*<br>१. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>२. महिला अधिकार सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>३. लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना<br>४. महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान, लैंगिक उत्तरदायी बजेट र लैङ्गिक परिक्षण<br>५. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बाल-बालिकाको | |

| | | |
|---|---|---|
| | हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन<br>६. प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बाल-बालिकाकाको अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन । | |

**आज्ञाले,**
**सुमन घिमिरे**
**प्रदेश सचिव**
**प्रदेश सरकार**

प्रकाशनः लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालय